# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, फाल्गुण २८ गते २०२९ साल [ अतिरिक्ताङ्क ५५


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२९ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण गर्न बनेको ऐन

प्रस्तावना:– राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु तथा पंक्षी र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउँहरूको संरक्षण, सम्बर्द्धन, विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण

352

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनताको सदाचार र सुविधा कायम राख्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा––

(क) "राष्ट्रिय निकुन्ज" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, पंक्षी, वनस्पति र भू–दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुटयाइएको क्षेत्र सम्झनु पर्छ ।

(ख) "संनियमित प्राकृतिक आरक्ष" भन्नाले बैज्ञानिक अध्ययनको निमित्त छुटयाइएको, पारिस्थिकी महत्वको वा अन्यथा महत्व राख्ने क्षेत्र सम्झनु पर्छ ।

(ग) "वन्यजन्तु आरक्ष" भन्नाले वन्यजन्तु तथा पंक्षी सम्पदा र तिनीहरूको वासस्थानको संरक्षण तथा व्यवस्थापन गर्न छुटयाइएको क्षेत्रलाई सम्झनु पर्छ ।

(घ) "शिकार आरक्ष" भन्नाले शिकारीहरूलाई शिकार गर्न दिनको निमित्त वन्यजन्तु तथा पंक्षी सम्पदाको व्यवस्थापनको लागि छुटयाइएको क्षेत्रलाई सम्झनु पर्छ ।

(ङ) "आरक्ष" भन्नाले दफा ३ बमोजिम घोषित संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष र शिकार आरक्षलाई सम्झनु पर्छ ।

(च) "वन्यजन्तु" भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको मेरूदण्डधारी जीवजन्तु (वर्टिब्रेट एनिमल) लाई सम्झनु पर्छ ।

(छ) "हात हतियार" भन्नाले जुनसुकै किसिमको बन्दुक, पेस्तोल वा यस्तै गोली चलाइने हतियारहरू, धनुषवाण, भाला, दर्जन, पासो, धराप, गुलेली वा चोट पुर्‍याउन सकिने जुनसुकै हतियारलाई पनि सम्झनु पर्छ ।

(ज) "शिकार" भन्नाले कुनै वन्यजन्तु वा पंक्षीलाई जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दुखदिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरीरको कुनै अंग झिक्ने वा नष्ट गर्ने वा त्यसको फुल, गुंड झिक्ने, नष्ट गर्ने वा खलबल गरिदिने कामलाई जनाउँछ ।

३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "आखेटोपहार" भन्नाले वन्यजन्तु वा पंक्षीहरूको जीवित वा मृत शरीर वा चिन्हिन सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अंगलाई सम्झनु पर्छ ।

(ञ) "अधिकार प्राप्त अधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई सम्झनु पर्छ ।

(ट) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गतका नियमहरूमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. श्री ५ को सरकारले राष्ट्रिय निकुन्ज वा आरक्षको घोषणा गर्न सक्ने:– (१) श्री ५ को सरकारले आवश्यक ठानेमा जुनसुकै क्षेत्रलाई त्यसको चार किल्ला समेत खोलिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरी राष्ट्रिय निकुन्ज वा आरक्ष घोषित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकपटक घोषित भैसकेको राष्ट्रिय निकुन्ज वा आरक्षको परित्याग वा स्वामित्वको हस्तान्तरण वा सीमाना हेरफेर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

४. राष्ट्रिय निकुन्जभित्र प्रवेशमा बन्देज:– (१) तोकिएबमोजिमको प्रवेशपत्र वा अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नपाई कुनै पनि व्यक्ति राष्ट्रिय निकुन्जभित्र प्रवेश गर्न पाउने छैन ।

तर काजमा खटिएको सरकारी कर्मचारी वा राष्ट्रिय निकुन्जबाट प्रचलित बाटोको अधिकार पाएको व्यक्तिको हकमा यो उपदफा लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रवेशपत्रको ढाँचा, प्रकार, दस्तूर र अन्य शर्तहरू तोकिएबमोजिमको हुनेछ ।

५. राष्ट्रिय निकुन्जभित्र निषिद्ध कार्यहरू:– अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुन्जभित्र देहायको काम गर्न पाउने छैन:–

(क) वन्यजन्तु वा पंक्षीको शिकार गर्न,

(ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरू आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू–भाग कब्जा गर्न, सफा गर्न, आवादि गर्न, खेति गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी खुवाउन,

(ङ) रूख, बिरूवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन, वा अरू कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

356

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) खानी खन्न, ढुंगा खन्न वा कुनै खनिज पदार्थ, ढुंगा कंकड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वन पैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हात हतियार, खर खजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा राष्ट्रिय निकुन्जभित्रको प्रचलित बाटोको यात्रुहरू बाहेक अरूले घर पालुवा वा अन्य किसिमको जीवजन्तु वा आखेटोपहार लैजान, र

(ञ) राष्ट्रिय निकुन्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थ-हरू प्रयोग गर्न ।

६. राष्ट्रिय निकुन्जभित्र सेवा संचालनः– (१) राष्ट्रिय निकुन्जको सर्वोतपरिहितको निमित्त श्री ५ को सरकारले स्वयं वा तोकिएबमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुन्जभित्र जुनसुकै किसिमको सेवा वा सुविधा संचालन गर्न पाउने छैन ।

७. संनियमित प्राकृतिक आरक्षभित्र प्रवेशमा बन्देजः– तोकिएको अधिकारीबाट लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले संनियमित प्राकृतिक आरक्षभित्र प्रवेश गर्न पाउने छैन ।

८. आरक्षभित्र निषिद्ध कामहरूः– अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले आरक्षभित्र दफा ५ मा निषेध गरिएका कामहरू गर्न पाउने छैन ।

९. राष्ट्रिय निकुन्ज वा आरक्षभित्र प्रवेश आफ्नो दायित्वमाः– (१) राष्ट्रिय निकुन्ज वा आरक्षभित्र प्रवेश आफ्नै दायित्वमा हुनेछ ।

(२) राष्ट्रिय निकुन्ज वा आरक्षभित्र कसैको मृत्यु भएमा वा हानी नोक्सानी भएमा वा कसैलाई चोट पटक लागेमा त्यस्तो मृत्यु, हानी नोक्सानी वा चोट पटकको लागि श्री ५ को सरकार क्षतिपूर्तिको लागि जिम्मेवार हुने छैन ।

१०. संरक्षित वन्यजन्तु र पंक्षीः– यस ऐनको अनुसूची १ मा उल्लेखित वन्यजन्तु र पंक्षी संरक्षित वन्यजन्तु र पंक्षी मानिने छन् र तिनीहरूको शिकार गर्न निषेध गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर बौलाएको जंगली हात्ती र मान्छे खाने (मायनइटर) बाघलाई तोकिएको अधिकारीको आदेशले शिकार गर्न सकिनेछ ।

११. अनुज्ञापत्र नलिई शिकार गर्न नपाइने:– (१) अनुज्ञापत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले अनुसूची २ मा उल्लेखित वन्यजन्तु वा पंक्षीको शिकार गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुज्ञापत्र प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको अधिकारी छेउ तोकिएको ढाँचाको दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएबमोजिम दस्तूर लिई अनुसूची २ मा उल्लेखित वन्यजन्तु वा पंक्षीमध्ये एक वा एक भन्दा बढी वन्यजन्तु वा पंक्षीको शिकार गर्न तोकिएको ढाँचा र प्रकारको अनुज्ञापत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले तोकिएबमोजिमको शर्त र तरीकाहरूको अधिनमा रही शिकार गर्नु पर्नेछ ।

(४) तोकिएको अधिकारीले कुनै कारण देखाई वा नदेखाई उपदफा (२) बमोजिमको अनुज्ञापत्र दिन इन्कार गर्न सक्नेछ ।

१२. शिकारको बार्षिक भाग (कोटा) निश्चित गर्ने:– समय समयको वन्यजन्तु वा पंक्षीको गणनाको आधारमा तोकिएको अधिकारीले शिकार आरक्षमा वर्षभरी शिकार गरिने वन्यजन्तु वा पंक्षीको बार्षिक भाग (कोटा) निश्चित गर्नेछन् ।

१३. श्री ५ को सरकारले अनुज्ञापत्र रद्द गर्न सक्ने:– श्री ५ को सरकारले आवश्यक देखेमा कारण देखाई वा नदेखाई जुनसुकै वखत पनि दफा ११ बमोजिम प्रदान गरिएको अनुज्ञापत्र रद्द गर्न सक्नेछ ।

१४. शिकार बन्द समय:– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको अवधिसम्मको लागि शिकार बन्द समय तोक्न सक्नेछ ।

१५. नमुना संकलन गर्न इजाजतपत्र लिनु पर्ने:– (१) इजाजतपत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुन्ज वा आरक्षभित्र वैज्ञानिक अनुसन्धानको लागि नमूना संकलन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचाको दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएबमोजिमको दस्तूर लिई अनुसूची १ मा उल्लेखित वन्यजन्तु वा पंक्षी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाहेक जुनसुकै वन्यजन्तु वा पंक्षीको शिकार गर्न वा कुनै कीट, किटाणु, माछा, वा कुनै प्राकृतिक उपज जम्मा गर्न तोकिएको शर्तहरू पालन गर्ने गरी इजाजत-पत्र दिन सक्नेछ ।

१६. राष्ट्रिय निकुन्ज वा आरक्षको व्यवस्थापनः– राष्ट्रिय निकुन्ज वा आरक्षको उपयुक्त व्यवस्थाको लागि आवश्यक भएमा तोकिएको अधिकारीले राष्ट्रिय निकुन्ज वा आरक्षभित्र शिकार गर्न, कुनै प्राकृतिक उपज हटाउन वा अन्य यस्तै आवश्यक कामहरू गर्न सक्नेछ ।

१७. आखेटोपहार अनुज्ञापत्र दिने अधिकारी समक्ष पेश गर्नु पर्नेः– (१) आफूले पाएको अनुज्ञापत्रबमोजिम आखेटोपहार प्राप्त गर्ने व्यक्तिले त्यस्तो आखेटोपहार प्राप्त गरेको समयले बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र अनुज्ञापत्र दिने अधिकारी वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफूसमक्ष पेश गरिएको आखेटोपहार अनुज्ञापत्रबमोजिम नै प्राप्त गरिएको हो भन्ने लागेमा अनुज्ञापत्र दिने अधिकारीले त्यसको लगत राखी तोकिएबमोजिमको निस्सा सहित त्यस्ता वन्यजन्तु वा पंक्षीको सम्पूर्ण शरीर वा अंग पेश गर्ने व्यक्तिलाई नै फिर्ता बुझाई दिनु पर्छ ।

तर शिकार गरिएको वन्यजन्तु वा पंक्षीको सम्पूर्ण शरीर वा अंग श्री ५ को सरकार लाग्ने शर्तमा अनुज्ञापत्र दिइएको रहेछ भने सोही शर्तबमोजिम हुनेछ ।

१८. निस्सा नभै आखेटोपहार राख्न नपाइनेः– (१) यो ऐन लागू हुनुभन्दा अगावै आखेटोपहार प्राप्त गरेको व्यक्तिले यो ऐन लागू भएको छ महीनाभित्र त्यस्तो आखेटोपहार तोकिएको अधिकारी समक्ष पेशगरी तोकिए बमोजिमको निस्सा लिई राख्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम वा दफा १७ को उपदफा (२) बमोजिम, निस्सा प्राप्त नगरी राखिएको आखेटोपहार श्री ५ को सरकारले जफत गर्न सक्नेछ ।

१९. आखेटोपहारको हस्तान्तरणः– लिखत नगरी कुनै पनि व्यक्तिले आखेटोपहार बिक्री वा सट्टा पट्टा गर्न वा अन्य कुनै किसिमले हक छाडी दिन पाउने छैन ।

२०. आखेटोपहार निकासी वा पैठारी गर्न सिफारिश लिनु पर्नेः– प्रचलित नेपाल कानून बमोजिम कुनै आखेटोपहार नेपाल अधिराज्यबाट विदेशमा निकासी गर्न वा विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी गर्न चाहने व्यक्तिले श्री ५ को सरकार वन मन्त्रालयको लिखित सिफारिश लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. आत्म सुरक्षाको लागि आवश्यक काम गर्न सकिने:– (१) आफ्नो वा अरू कुनै व्यक्ति वा घर पालुवा जनावरको बचावटको लागि कुनै वन्यजन्तुको वास्तविक र तत्काल आक्रमणका विरूद्ध अन्य कुनै विकल्प नभएमा हात हतियार प्रयोग गर्न वा अन्य कुनै उपाय गर्न सकिनेछ र त्यसो गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा यस ऐनबमोजिम कसूर गरिएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा बाटोको म्याद बाहेक सो भए गरेको चौबीस घण्टाभित्र तोकिएको अधिकारी समक्ष सो कुराको सूचना दिनु पर्छ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू विपरीत काम गरी रहेको व्यक्तिको हकमा उपदफा (१) बमोजिमको सुविधा प्राप्त हुने छैन ।

२२. सीमाना चिन्हहरू बिगार्न नपाइने:– कुनै पनि व्यक्तिले राष्ट्रिय निकुन्ज वा आरक्षको सीमाना, बार, पर्खाल, चिन्हपट वा सूचनाहरू नष्ट गर्न, बिगार्न, कुरूप पार्न, हटाउन वा अन्यथा बाधा अडचन गर्न हुंदैन ।

२३. निरीक्षण तथा खानतलासीको अधिकार:– यो ऐन विरूद्ध कसैले कुनै काम गरेको भन्ने विश्वास हुने मनासिब कारण भएमा निजले गरेको त्यस्तो कामको सबूद बुझ्नको निमित्त वा निजको गिरफ्तारीको निमित्त आवश्यक भएमा तोकिएको अधिकारीले तोकिएको अधिकारीबाट वारेण्ट प्राप्त गरी जुनसुकै समय त्यस्ता व्यक्तिको घर, जग्गा, जमिन र सबै प्रकारको सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्नेछ ।

तर कुनै घर, जग्गा, जमिन वा सवारीमा प्रवेश गरी खानतलासी गर्न पाउने वा कुनै कसूरदारलाई गिरफ्तार गर्न पाउने वारेण्ट प्राप्त गर्न केही समय लाग्ने भई सो समयभित्र कसूरदार भागी जाने वा कसूरको सबूद गायब गरिने संभावना देखिएमा त्यस कुराको लिखित अभिलेख खडा गरी तोकिएको अधिकारीले पनि त्यस्तो घर, जग्गा, जमिन वा सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्छ ।

स्पष्टिकरण:– यस दफा अन्तर्गत विना वारेण्ट प्रवेश र खानतलासी गर्दा दफा ३० मा तोकिएको दर्जाभन्दा मुनिको दर्जाको अधिकारीले गर्न पाउने छैन । साथै त्यसरी विना वारेण्ट प्रवेश वा खानतलासी गर्दा कसूरदारको गिरफ्तारी वा सबूद बरामद नभएको अवस्थामा प्रवेश वा खानतलासी गर्ने अधिकारीले प्रवेश वा खानतलासी सित सम्बन्धित व्यक्तिलाई प्रवेश वा खानतलासी गरेको कुराको प्रमाणपत्र दिनु पर्छ र त्यसरी प्रवेश वा खानतलासी गर्नु पर्ने कारण समेत खोली सो भए गरेको मितिले पन्ध्र दिनभित्र तोकिएको अधिकारीलाई लिखित सूचना समेत दिनु पर्छ ।

809

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. विना वारेण्ट गिरफ्तार गर्ने अधिकारः– (१) यस ऐनबमोजिमको कुनै कसूरदार भाग्छ भन्ने विश्वास पर्ने कारणहरू भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ । उक्त गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र कानूनी कारवाईको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरी सकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने संभावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुंडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सो बमोजिम गोली चलाउंदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्ने छैन ।

२५. सूचना दिनेलाई इनामः– यस ऐन अन्तर्गत अपराध हुने कामसंग सम्बन्धित सूचना दिने व्यक्तिलाई पाँचसय रूपैयाँसम्म इनाम दिन सकिनेछ ।

तर,

(क) गैंडाको खाग राख्ने वा गैंडा मार्ने वा जोखिम पार्नेसंग सम्बन्धित कुनै व्यक्तिको अपराध साबित गर्न सकिने खालको सूचना दिने व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म इनाम दिन सकिनेछ ।

(ख) गैर कानूनी तरीकाले प्राप्त गरेको कुनै आखेटोपहार बारे सूचना दिने व्यक्तिलाई सो जफत हुने भएको आखेटोपहारको सयकडा पचास प्रतिशत मूल्य बराबरको नगद इनाम दिइनेछ ।

२६. दण्डसजायः– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूको विरूद्ध कुनै कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा विचार गरी दस हजार रुपैयाँसम्म जरिवाना वा दुइ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

तर देहायको अपराध गर्नेलाई कसूरको मात्रा विचार गरी पाँच हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिवाना वा दुइ वर्षदेखि पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(क) राष्ट्रिय निकुञ्ज वा संनियमित प्राकृतिक आरक्ष वा वन्यजन्तु आरक्षभित्र अनुज्ञापत्र नलिई शिकार गर्ने ।

४०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) गैर कानूनी तरीकाले गैंडाको खाग राख्ने ।

(ग) संरक्षित वन्यजन्तु वा पंक्षीको शिकार गर्ने ।

२७. मतियारलाई सजाय हुनेः– यो ऐन अन्तर्गत कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई कसूरदारलाई हुने सजायको आधि सजाय हुनेछ ।

तर गैंडा, बाघ र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजाय सरह नै सजाय हुनेछ ।

२८. जफत गर्ने अधिकारः– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूको उल्लंघन गर्ने कसूरदार दोषी ठहरिएमा मुद्दा हेर्ने अधिकारीले अपराधसित सम्बन्धित आखेटोपहार, हात हतियार, सवारीको साधन र अन्य वस्तुहरू जफत गर्न सक्नेछ ।

२९. श्री ५ को सरकार वादी हुनेः– यस ऐन अन्तर्गतका मुद्दाहरूमा श्री ५ को सरकार वादी हुनेछ ।

३०. मुद्दाको तहकिकात र दायरीः– (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात रेञ्जर वा वन र वन्यजन्तु व्यवस्थासित सम्बन्धित सुबेदार दर्जासम्मका कर्मचारी वा कम्तिमा राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीले वा प्रहरीमा कम्तिमा सब इन्स्पेक्टर दर्जासम्मको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालय वा वन्यजन्तु संरक्षण कार्यालय वा वन कार्यालय वा वन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा सम्बन्धित अधिकृतले सरकारी वकिलसित राय सल्लाह लिन सक्नेछ ।

३१. मुद्दा हेर्ने अधिकारः– (१) यो ऐन अन्तर्गतको मुद्दाको कारवाई र किनारा गर्ने अधिकार तोकिएको अदालत वा अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) अन्तर्गत मुद्दाको कारवाई र किनारा गर्दा तोकिएको अदालत वा अधिकारीले शुरु अदालतले अपनाए सरहको कार्यविधि अपनाउनेछ ।

(३) उपदफा (१) अन्तर्गत तोकिएको अदालत वा अधिकारीले गरेको निर्णय आदेश उपर सो निर्णय वा आदेश भएको पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ। ४०३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. अनुसूचीमा संशोधन गर्ने श्री ५ को सरकारको अधिकार :– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐनको अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

३३. नियम बनाउने अधिकार :– यस ऐनको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

३४. खारेजी र बचाउः– (१) जंगली जीवजन्तु संरक्षण ऐन, २०१५ लाई खारेज गरिएको छ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएको जति कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–१

**दफा १० सित सम्बन्धित**

१. वन्यजन्तुहरू:–

(क) गैंडा
(ख) जंगली हात्ती
(ग) अरणा
(घ) बाघ
(ङ) ध्वांसे चितुवा
(च) हिउं चितुवा
(छ) कस्तुरी मृग
(ज) जंगली चौरी गाई
(झ) गौरी गाई
(ञ) कृष्णशागर
(ट) चौका
(ठ) बाह्रसिंग
(ड) नयान
(ढ) चिरू
(ण) रातो भालु
(त) सोस
(थ) होकर्पा वा हाब्रे (रेडपण्डा)
(द) साना जातको वनेल
(ध) हिसपिड हेर
(न) सालिक

२. पंक्षीहरू:–

(क) डांफे
(ख) मोनाल
(ग) फकरास
(घ) ठूलो धनेस

402

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–२

## दफा ११ सित सम्बन्धित

१. वन्यजन्तुहरू:–

(क) भालू
(ख) जरायो
(ग) चित्तल
(घ) रातो मृग
(ङ) लंगुना
(च) नाउर
(छ) झारल
(ज) थार
(झ) घोरल
(ञ) घोड गदाहा
(ट) जंगली वनेल
(ठ) राटेल
(ड) ओतर
(ढ) पयाउरो
(ण) पया
(त) दुम्सी
(थ) चोघडा र मुसे खरायौ
(द) उड्ने मुसा वा कोइरालो
(ध) भालू बिरालो
(न) सिमेटस
(प) वन बिरालो र लिंग्स
(फ) बांदर
(ब) चितुवा
(भ) हिउं भालू

४०६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(म) अजिंगर

(य) गोही

२. पंक्षीहरू:–

अनुसूची १ मा उल्लेख गरिए वाहेक अन्य तोकिएको जातका पंक्षीहरू ।

लालमोहर सदर मितिः– २०२९।११।२८।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।